# <u>बैठक सङ्ख्या: ४९</u>

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७९।०४।११ गते बुधबार दिनको २:०० बजे बसेको बैठकका निर्णयहरु:-

१. अमेरिकाको राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा आवद्धताका लागि अमेरिकासँग गरिएका सम्पूर्ण काम कारबाही तथा पत्राचार लगायतका कागजातहरु सहित रक्षा मन्त्रालयका सचिवलाई समितिको आगामी बैठकमा उपस्थित हुन निर्देशन दिने। साथै सो मितिमा हुने बैठकमा माननीय परराष्ट्र मन्त्री र नेपाली सेनाका प्रधान सेनापतिलाई आमन्त्रण गर्ने।

२. समितिको मिति २०७६।०६।०६ गतेको बैठकबाट (*शिक्षा र स्वास्थ्य सम्बन्धी नीति तथा सोको कार्यान्वयनको अवस्था, राज्यको लगानी एवम् प्राप्त उपलब्धिका सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने*) गठित एवम् २०७६।१२।१७ को निर्णयबाट परिमार्जित माननीय राधेश्याम अधिकारी संयोजक रहनु भएको उपसमितिमा माननीय श्री अनिता देवकोटालाई संयोजक र माननीय श्री खेम प्रसाद लोहनी संयोजक रहनु भएको उपसमितिमा मा. श्री देवेन्द्र दाहाललाई सदस्यमा मनोनयन गर्ने।

३. नेपालको राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिका सम्बन्धमा सम्बन्धित विषयका विज्ञलाई उपयुक्त समयमा आमन्त्रण गरी समितिमा छलफल गर्ने।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो।